*पेन मानोर हाई स्कुल  विध्यार्थी हरु,*

*यहाँ हरु  धेरै लाई थाहा नै छ, शुक्रबार बाथरूम मा ग्राफिटी (अर्थात भित्ता मा लेख्ने वा चित्र बनाउने) भेटियो। खतरनाक  स्वभाव को भए पनि पूलिस र स्कुल प्रशासन दुबै ले विश्वसनीय मानेको थिएन। अर्को ग्राफिटी पनि सोमबार बिहान अर्को बाथरूम मा भेटियो।*

*आज बिहान दुई जना जिम्मेवार  विध्यार्थी  को कारण ले हाई स्कुल प्रशासन र मिल्लर्सविल बोरो पूलिस डीपार्टमेन्ट ले तुरन्तै दुई वटै सन्देश लेख्ने विध्यार्थी को पहिचान भयो र अहिले हिरासत   मा  राखिएको छ। एउटा पेन र नोटबुक मात्रै सो  विध्यार्थी  सँग भेटियो।*

*सो  विध्यार्थी ले धम्की दिन को लागि फितलो प्रयास गरेको थियो। कृपया यो बुझ्नु होला कि कुनै पनि साधारण धम्की लाई पनि स्कुल र पूलिस ले गम्भिर रुप मा लिन्छ र हाम्रो स्कुल सुरक्षित नहुने बेला सम्म छानबिन गर्छ। सबै जना ले यो बुझ्नु जरुरी छ कि हामीले बोलेका वा लेखेका हरेक कुरा हरु को धेरै महत्व राख्छ र सो को गम्भिर परीणाम हुन सक्छ। हाम्रो निती भनेको पुलिस सँग सहकार्य गर्ने हो र  सबै भन्दा कडा कार्वाही गर्ने हो। यो पनि थाहा पाउनुस कि लेन्कस्टेर काउन्टी डिस्ट्रिक्ट अटोर्नी ले यी धम्की हरु लाई धेरै गम्भिर रुप मा लिन्छ। अहिले स्थानिय निकाय ले यो स्थिति लाई कडा कार्वाही का साथ अगाडि बढाइ राखेको छ।*

*सज्जन महिला र पुरुष हरु, यो परिस्थिती को प्रतिकृया  र फ्लोरिडा मा भएको घट्ना ले हाम्रो स्कुल  असुरक्षित स्थान बनेको  तपाईं चाहनु हुन्न। हामीले हाम्रो स्कुल जिम्मेवार र सुरक्षित बनाउन हर सक्दो प्रयास गर्नु पर्छ। हामीले कठिनाई को समय मा बलियो हुन जरुरी छ। सजिलो नभए पनि हामीले डर,त्रास र चिन्ता ले हामीलाई जित्न दिनु हुँदैन।*

*डा. फिल गेल*

*प्रिन्सिपल, पेन  मानोर हाई स्कुल*